चाइनिज ताइपेईविरुद्ध नेपालको सहज जित

मध्यान्ह संवाददाता
काठमाडौं, २० जेठ

फिफा विश्वकप तथा एशिया कप छनोटमा नेपालले दोस्रो जित हात पारेको छ। समूह बीमा रहेको नेपालले छैटौं खेलमा दोस्रो जित निकालेको हो। बिहीवार कुवेतमा भएको खेलमा नेपालले चाइनिज ताइपेईमाथि २-० गोलको जित दर्ता गरेको हो। यो जितसँगै समूह बीमा रहेको नेपाल ६ अंकसहित चौथो स्थानमा रहेको छ। विश्वकप छनोटको सम्भावना सकिए पनि बिहीवारको नतिजासँगै एशिया कप छनोटको तेस्रो चरणमा प्रवेश गर्ने सम्भावना भने बाँकी नै राखेको छ।

नेपाली टिमको प्रशिक्षकमा कतारी नागरिक अब्दुल्लाह अल्मुताइरी आए पछि युवा खेलाडी समेटेर टिम बनाएका थिए। इराकमा मैत्रीपूर्ण फुटबल खेले पछि नेपाली टिम उतैबाट कुवेत प्रस्थान गरेको हो। कुवेतको ४२ डिग्री सेल्सियसको गर्मीमा नेपाली युवा खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका थिए। नेपालको जितमा अञ्जन विष्ट र नवयुग श्रेष्ठले एक एक गोल गरेका थिए। चाइनिज ताइपेईविरुद्ध नेपाल शुरुमै हावी भएको थियो।

कुवेत स्थित अल जमल फुटबल रंगशालामा भएको खेलको तेस्रो मिनेटमा नै नेपालले पेनाल्टी पाएको थियो। नेपालका सन्तोष तामाङले प्रहार गरेको फ्रि किक डि बक्समा चाइनिज ताइपेइका खेलाडीको हातमा लागेपछि रेफ्रीले पेनाल्टी दिए। जसलाई अञ्जन विष्टले सहजै गोल गर्न सफल भए। चाइनीज ताइपेईविरुद्ध अञ्जनको यो तेस्रो गोल हो।

एक गोलले पछि परेको अवस्थामा ११ औं मिनेटमा ताइपेइले खेलमा फर्कने मौका खेर फाल्यो। उसका वु चुन चिङको हेडरलाई नेपाली कप्तान किरण चेम्जोङले बचाए।

खेलको १६ औं मिनेटमा नेपालका सन्तोष तामाङको पासमा सुनील बलले प्रहार गर्न खोजेको बललाई ताइपेइका गोलकिपरले बचाए।

त्यसपछि नेपालले दुई वटा मौका पाएको थियो। २२ औं मिनेटमा सुनील बलले लामो प्रयास गर्दा पोष्टको निकै माथिबाट बाहिरीयो। २४ औं मिनेटमा अञ्जन विष्टले दुई जना डिफेन्डरको विचबाट गरेको प्रहार ताइपेइका गोलकिपरले बचाए। त्यसपछि दुबै टिमबाट अरु प्रहार हुन सकेन र नेपालले पहिलो हाफमा एक शुन्यको अग्रता बनायो।

दोस्रो हाफको ५२ औं मिनेटमा नेपालले अर्को मौकालाई सदुपयोग हुन सकेन। त्यसपछि ५४ औं मिनेटमा सन्तोष तामाङको प्रहारपनि पोष्टमा रहन सकेन। ७० औं मिनेटमा ताइपेइले कर्नरबाट मौकाको सिर्जना गरेको थियो। तर त्यसलाई नेपालले क्लियर गर्‍यो।

८० औं मिनेटमा सब्सिच्युट खेलाडीका रुपमा मैदान प्रवेश गरेका युवा खेलाडी मनीष डाँगीको प्रहार पोष्टको नजिकैबाट बाहिरीयो। ८१ औं मिनेटमा नेपालले दुई शुन्यको अग्रता बनायो। नेपालका लागि नवयुग श्रेष्ठले गोल गर्न सफल भएका थिए।

८६ औं मिनेटमा नवयुग श्रेष्ठको हेडको प्रयास पोष्टको नजिकैबाट बाहिरिएको थियो। फ्रिकिकबाट आएको बलमा उनको हेडर पोष्टको नजिकैबाट बाहिर गएको थियो। ८९ औं मिनेटमा सब्सिच्युट खेलाडीका रुपमा मैदान प्रवेश गरेका विशाल राईको सशक्त प्रहारलाई ताइपेइका गोलकिपरले बचाए। खेलको इन्जुरी समयको पहिलो मिनेटमा नेपालले अर्को मुभ बनाएको थियो। तर सुमन अर्यालको प्रहारलाई ताइपेइका गोलकिपरले बचाए। त्यसपछि दुबै टिमबाट थप गोलहुन सकेन र नेपाल दुई शुन्यले विजयी भयो।

यो जितपछि नेपालले ६ खेलमा ६ अंक बनाएको छ। उसले प्रतियोगितामा खेलेका ६ खेलमा दुबै जित चाइनिज ताइपेइविरुद्ध नै निकाल्यो। यता ताइपेइ भने अहिलेसम्म एक पनि जित निकाल्न सकेको छैन। नेपालले अर्को खेल जोर्डनसँग २४ गते प्रतिस्पर्धा गर्ने छ।

मोना कतारको खेलकुद विभाग गठन, संयोजकमा भीम परियार

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, २० जेठ

कतारमा रहेका प्रवासी म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले आफ्नो संस्थाको खेलकुद विभाग बिस्तार गरेको छ। संस्थाका अध्यक्ष नरेन्द्र फगामीको सभापतित्वमा सम्पन्न एक कार्यक्रमबाट उक्त विभाग बिस्तार गरिएको हो। कतारमा हुने भलिबल प्रतियोगितामा म्याग्देली टिमको दबदबा सधैं रहने गरेको छ।

जिल्लाको पहिचानका साथै सुस्वास्थ्य पनि रहने र प्रवासमा एक सूत्रमा बाँध्न पनि सकिने हुँदा खेलकुद विभागको अपरिहार्यता रहेको फगामीले बताए। भीम परियारको संयोजकत्वमा गठित मोना टिमको कप्तानको जिम्मेवारी बिरु विश्वकर्मालाई सुम्पिइएको छ भने कोषाध्यक्षमा प्रेम शेरचन, सह कोषाध्यक्षमा राम बाबु र सचिवमा विपिन मल्ललाइ जिम्मेवारी दिइएको छ। यस्तै सदस्यहरूमा अमिक मल्ल, रामचन्द्र खड्का, किसान परियार, जयन्द्र खत्री र कृष्ण चोखाल र सल्लाहकारमा सुरेश चोखाललाई चयन गरिएको छ।

आफूले भलिबललाई जीवनको अभिन्न अङ्गको रूपमा लिएको र म्याग्दीको खेलाडीको रूपमा केही परिचय थप्न पाएकोमा आफुलाई खुसी लागेको संयोजक परियारले बताए। कार्यक्रममा बोल्दै परियारले कतारमा रहेका नयाँ तथा पुराना सबै खेलाडी सम्पर्कमा आउन र एकताबद्ध भएर अगाडी बढ्न समेत आग्रह गरे। नयाँ र पुराना नभनी सबै खेलाडीलाई समान स्थान दिने र एउटा मात्र टिममा नअटेको खण्डमा दुई तीन वटा टिम बनाएर अगाडी बढ्न सकिने भनाई टिमका कप्तान बिरुको छ। कप्तान बिरुका अनुसार खेलकुद विभागलाई थप बिस्तार सँगै नयाँ नयाँ खेलाडीहरूलाई स्थान दिइनेछ। नव गठित विभागले मोना कतारले सञ्चालन गरेको 'गृह जिल्लामा अक्सिजन लगायतका अति आवश्यक सामग्रीहरु पठाऔं, बिरामी तथा आफन्तको उद्धार गरी ज्यान बचाऔं' भन्ने अभियानमा नगद ५० हजार रुपैयाँ सहयोगसमेत गरेको छ।

Chame Rural Municipality
Office of the Rural Municipal Executive
Chame, Manang
Gandaki Province, Nepal

NOTICE FOR THE LETTER OF INTENT

Date of Publication : 21st Jestha 2078

Pursuant to Sub Clauses 27.2 and 27.3 of the Public Procurement Act 2063 , this is to notify all the bidders who submitted their bids for the Contract Identification CRM/NCB/W/05/077-078 as per the Invitation for Bids published on 2nd of Baisakh 2078 on RajdhaaniNational Daily that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected for the award of the contract.

Contract ID	Name of the Contract	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price in NPR (including VAT and PS)
CRM/NCB/W /05/077-078	Lok Priya Ma Bi Boys Hostel Building Construction Works, Manang	Dhulikhel-JK JV Kohalpur-11, Banke	2,83,73,025.29

Chief Administrative Officer

अप्ठेरोमा परेकालाई दुलालको सहयोग

काठमाडौं, मस- कोभिड १९ को दोश्रो लहरका कारण उपत्यका निषेधाज्ञा जारी भएपछि दैनिक कामकाज गर्दै जीवन यापन गर्नेहरुले निकै कठिनाई भोग्नु परिरहको छ।

त्यसै क्रममा दैनिक कामकाज ठप्प हुँदा असहज परिस्थितिमा रहेका दिन दुःखी तथा असहायहरुका लागि सामाजिक दायित्वलाई महशुस गर्दै सहयोगीको रुपमा विभिन्न खेलकुद क्षेत्रका नेतृत्वहरु पनि अगाडि बढी रहेका छन्। त्यस्तै सहयोगीको रुपमा अखिल नेपाल टेबल टेनिस क्लबका उपाध्यक्ष, पूर्व खेलाडी एवं एपिएफका टेबल टेनिस प्रशिक्षक राजेन्द्र दुलाल र उनकी पत्नी समीक्षा दुलाल पनि देखिएका छन्।

दुलाल दम्पतिले निषेधाज्ञाका कारण दैनिक आय आर्जन नभई असहज परिस्थितिमा रहेका ५ सय ज्ञपरिवारलाई खाद्य सामाग्री प्रदान गरेर सहयोग पुऱ्याएका छन्।

ठमेल पर्यटन बिकास परिषदका सदस्य समेत रहेका दुलालले प्रत्येक परिवारका लागि ५ केजी चामल, एक केजी च्युरा, दाल, सोयाविन मस्यौरा र एक लिटर तेल प्रदान गरेका दुलाले जानकारी गराए।

स्वास्थ्यले मात्र नभई दैनिक कमाई गरेर खानु पर्ने व्यक्तिहरुलाई आर्थिक कठिनाई हुनाका कारण खानामा समस्या पनि पर्ने भएकोले हामीले खाद्यान्नको अभावलाई सहज बनाउने कोशिस गरेका दुलालले बताए।

शे फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ्ग डोल्पा
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०७८/०२/२१

यस कार्यालयको मिति २०७७/१२/१७ मा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार पर्न आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशीलको फर्मको बोलपत्र सारभूत रुपमा प्रभावकारी रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

क्र. स.	बोलपत्र ठेक्का नं	कामको विवरण	बोलपत्रदाताको नाम ठेगाना	कबोल अङ्क (मु अ कर बाहेक)
१	SPRM÷NCB/DOP/ WORKS/2077-078-4	साल्दाङ देखि भिजेरसम्म सडक निर्माण	बुद्ध हिमाली कन्स्ट्रक्सन प्रा लि जे भि थोदुङ फुलवारी मार्ग ६ बौद्ध काठमाडौं।	१,०५,६५,१९०।००

प्रमुख प्रशासकीय अधिकृत

Karnali Province Government
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate
Birendranagar, Surkhet

INVITATION FOR BIDS (IFB) No:11/077-078

Date of first publication: - 4 June ,2021 (2078/02/21)

1. Infrastructure Development Directorate (IDD), Birendranagar, Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

S. N.	Description of Work/ Contraction Identification No.	Estimated Amount without VAT & Contigencies (NRs.)	Bid Security Amount (NRs.)	Bid validity/Bid Security Period /Price of Bid Document (NRs.)
1	Maintenance of Roof at Pradesh Sabha Schibalaya (IDD/SKT/W/SQ/31/077-078 RE)	9,87,424.73	34,000.00	45days/75 days from Bid Opening date /1000.00
2	Supplying & fixing of P6 Digital Display Board at Karnali pradesh sabha (IDD/SKT/W/SQ/35/077-078)	11,05,000.00	37,000.00	

2. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:
   Name of the Bank: Rastriya Banijya Bank Revenue Account Number: 10000201010006
   Name of Office: Infrastructure Development Directorate ,Birendranagar, Surkhet Rajaswo Shirshak (revenue) Number: 14229
   Security Account Number: 40800202030000
   Office Code Number: 3370168016
3. Last date of Bid Submission & Opening : 2078/03/06(20 June,2021) before 12:Pm & 2078/03/06(20 June,2021) at 13:00 Pm
4. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Directorate, Birendranagar, Surkhet Telephone No: 083-521459 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp

Director